"समृद्ध नगर: खुशी नगरबासी"

गुर्भाकोट नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
शुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

☎०८३-४१००७२
E-mail: sktgurbhakotmun@gmail.com
Website: gurbhakotmun.gov.np

पत्र संख्या :२०७९/०८०
चलानी नं :

# अनुदानमा उपर्युक्त प्रविधि (मेशिन औजार) सम्बन्धि प्रस्ताव आव्हानको सूचना

## प्रथम पटक प्रकाशित मिति :२०७९।०९।०४

गुर्भाकोट नगरपालिकाको उद्योग तथा व्यवसाय प्रवर्द्धन शाखाको आ.व २०७९।०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस नगरपालिका भित्र उद्योग व्यवसाय गरिरहेका उद्यमी व्यवसायीहरुलाई अनुदानमा उपर्युक्त प्रविधि (मेशिन औजार) हस्तान्तरण गर्ने कार्यक्रम रहेकाले यस नगरपालिकाबाट सीप विकास तालिम लिएको प्रमाणपत्र वा दर्ता भई भर्खर व्यवसाय शुरु गरेका उद्योग व्यवसाय (कृषि, पशु र नर्सरी) फर्म बाहेकका ईच्छुक उद्यमी व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र र उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय समय भित्र देहायका कागजातहरु संलग्न राखी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**पेश गर्नुपर्ने कागजातहरु**

- नविकरण भएको उद्योग दर्ता प्रमाण पत्र वा उद्योगसँग सम्बन्धित विषयमा तालिम लिएका प्रमाण पत्रको प्रतिलिपि ।
- उद्योग दर्ता भएमा PAN को प्रतिलिपि ।
- उद्योग दर्ता भएका आ व ०७८।०७९ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
- नागरिकताको प्रतिलिपि ।
- व्यवसायिक योजना ।
- सम्बन्धित वडाको सिफारिस ।
- कार्यविधिको अनुसूची -२, बमोजिमको व्यवसायसँग सम्बन्धित उपर्युक्त (मेशिन औजार) को प्रस्तावित मूल्य सहितको निवेदन ।
- कार्यविधिको अनुसूची -३, बमोजिमको उद्योग तथा व्यवसायको विस्तृत विवरण ।

**शर्तहरु**

❖ उपर्युक्त प्रविधि हस्तान्तरण कार्यक्रम अन्तरगत यस नगरपालिकाबाट यस अघि छनौट भई उपर्युक्त प्रविधि/मागमा आधारित अनुदान प्राप्त गरेका व्यक्ति वा फर्मले पुन: निवेदन दिन पाउने छैन अन्यथा निवेदन दिएमा निवेदन रद्द हुनेछ ।
❖ अनुसूची - २ बमोजिमको सम्बन्धित व्यवसायसँग सम्बन्धित उपर्युक्त प्रविधि (मेशिन औजार) को स्पेसिफिकेशन सहित प्रस्तावित मूल्य निवेदनमा स्पष्ट खुलाउनु पर्नेछ ।
❖ कृषि, पशु र नर्सरी जन्य फर्म तथा उद्यमीहरुलाई यस कार्यक्रममा समावेश गरिनेछैन ।
❖ दर्ता भएको उद्योग व्यवसायको हकमा कूल पूँजी रु ५ लाख सम्मको फर्मले मात्र आवेदन दिन पाउनेछन् ।
❖ निवेदकले प्रस्ताव पेश गर्दा सिलबन्दी खाममा पेश गर्नु पर्नेछ ।

२०७९।०९।०४

देव किरण बुढा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner